# तानसेन नगरपालिकाको औषधी खरिदको बोल पत्र आव्हानको सूचना ।

प्रथम पटक प्रकाशित मिति २०७५।९।१३

यस तानसेन नगरपालिका अन्तर्गतका अस्पताल, स्वास्थ्य चौकी, शहरी स्वास्थ्य, केन्द्र तथा समामुदायिक स्वास्थ्य इकाईहरुमा आ.व. २०७५।०७६ मा निःशुल्क वितरण गर्ने औषधी बोलपत्रद्धारा खरिद गर्नुपर्ने भएकोले नियमानुसार शिलबन्दी बोलपत्रमा भाग लिन इच्छुक फर्म वा कम्पनीले स्थायी लेखा नम्बर दर्ता प्रमाण पत्र फर्म तथा कम्पनी दर्ता व्यवसायिक प्रमाण पत्र, आ.व. ०७५।०७६ सम्मको लागि व्यवसायिक फर्म नविकारण भएको प्रमाण पत्र र आ.व. ०७४।०७५ सम्मको कर चुक्ता प्रमाणहरुको प्रमाणित प्रतिलिपी संलग्न गरी रु १० को टिकट टाँसी बोल पत्र फारम रु ३,०००। (तीन हजार) राजश्व तिरी सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिन भित्र खरिद गर्नु पर्ने छ । शिलबन्दी बोलपत्र साथ निम्न विवरण अनुसारको जमानत रकम यस कार्यालयको नाममा रहको राष्ट्रिय बाणिज्य बैक पाल्पाको हि.नं. ३०३०३०३००७१०२ धरौटी खातामा जम्मा गरेको सक्कल बैक भौचर वा यस कार्यालयको नाममा बोल पत्र दाखिला गर्ने अन्तिम मितिबाट कम्तिमा १२० दिन म्याद भएको बाणिज्य बैकबाट जारी भएको जमानत वापतको विडवण्ड संलग्न हुनुपर्ने छ, औषधी उत्पादक कम्पनी WHO, ISO, GMP सर्टिफाइड हुनुपर्नेछ, शिलबन्दी बोलपत्रसाथ औषधीको नमुना अनिवार्य रुपमा पेश गर्नुपर्ने छ, खरिद भएका बोल पत्र सूचना प्रकाशित भएको मितिले ३१ औं दिनको १२:०० बजे भित्र रितपूर्वक सहिछाप गरी यस कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ । दर्ता हुन आएको शिलबन्दी बोलपत्रहरु ३१ औं दिनको १:०० बजे कार्यालयमा प्रतिनिधी र बोलपत्रवाला वा निजको प्रतिनिधीको उपस्थितिमा यस कार्यायलमा खोलिने छ । शिलबन्दी बोल पत्र सम्बन्धी विस्तृत विवरण यस कार्यालयको सूचना पाटीमा टाँस गरीको छ ।

माथि उल्लेख नभएका कुरा वा अन्य शर्तहको हकमा सार्वजनिक खरिद ऐन २०६३ अनुसार हुनेछ । अन्य थप जानकारी आवश्यक परेमा यस कार्यालयको फोन नं. ०७५५२०९०९ मा कार्यालय समयमा सम्पर्क गर्न सकिने छ ।

विवरण

| ठेक्का नं. | कार्य विवरण | स्वीकृत ल.ई. रु. मु.अ.कर बाहेक | धरौटी रु. २.५ प्रतिशतले | कैफियत |
|---|---|---|---|---|
| ०१। ०७४।०७५ | निःशुल्क वितरण गरिने औषधी सप्लाई कार्य | २८,६०,६१८। | ७२,०००। | |

कीर्तनराज पौडेल
प्रमुख प्रशासकिय अधिकृत

Scanned by CamScanner